# सँगिनीमा व्यक्त संस्कृति

## डा. कुलराज निरौला*

**लेखसार**

*सँगिनी लोकगीतको लयगत भेद हो भने संस्कृतिको अभिन्न अङ्ग रूपमा पनि चिनिन्छ। यसले नेपाली नारीका कथाव्यथाका साथै नेपाली संस्कृतिलाई चिनाउने काम गरेको छ। नेपली समाजमा प्रचलित सँगिनीमा नारीहरूले उनीहरूका समस्याका साथै आफ्ना वेदना र पीडा कारुणिक रूपमा प्रस्तुत गर्दछन्। नेपालमा बसोवास गर्ने जातजातिका आआफ्नै सांस्कृतिक परम्परा रहेका छन्। नेपाली संस्कृति भन्नु नै अनेकतामा एकताको संस्कृति हो। सँगिनीका गायिकाहरूले कहिले विवाहका अवसरमा विवाह गर्नुपूर्व वरको परीक्षा लिने परम्परा रहेको छ भने आफूले मान्य व्यक्तिका घरमा भेट्न गएका अवसरमा केही लिएर जाने परम्परा रहेको छ। सानै उमेरमा विवाह बन्धनममा बाँधिएर टाढाटाढा खबर नपाई बाआमाका मृत्यु संस्कार भएको कुरामा समेत उपस्थिति जनाउन नपाउँदाको अवस्था र ज्योतिषीले ग्रहदशा हेर्दा मूल भेटेकी भनेपछि अन्धविश्वासका कारण छोरीलाई खोलामा बगाइदिने जस्ता कुराले नेपाली समाजका संस्कारहरूलाई अभिव्यक्त गर्दछ। हाम्रा समाजमा विवाह गरिसकेपछि आजभोलि जस्तो तुरुन्त छोरीचेली घर पठाउने प्रचलन थिएन यसरी घर पठाउँदा जोडा वार्ष र शुक्रसामु भएका समयमा पठाइँदैन या कसैको मृत्यु भए उसको लासलाई बाटो मनि होइन बाटामाथि राखिदिनु भनेका जस्ता प्रसङ्गले नेपाली सांस्कृतिक परम्परालाई प्रकट गरेको छ। समाजमा आफू घरबाट बाहिर निस्कनु छ भने या कहीँ जानुभन्दा पूर्व केही नराम्रा सङ्केतहरू देखा परेमा अपसगुन र कहीँ जानका लागि कोसेलीका रूपमा रोटी पकाउँदा दँदेउरा हुनु या नसप्रिनु र घरबाट बाहिर निस्कँदा शिरको टोपी भुइँमा खस्नुले नेपाली परम्परालाई सङ्केत गर्दछ। तसर्थ सँगिनी नेपाली सांस्कृतिक परम्पराको एक महत्त्वपूर्ण पहिचानको आधार भएको हुँदा लेखमा उदाहरण दिएर परिचित गराउन प्रयत्न गरिएको छ।*

**शब्दकुञ्जी**

प्रतीक, ग्रहदशा, साइमन, संस्कार, बहुसांस्कृतिकता।

**विषयपरिचय**

नेपाली संस्कृति नेपालको सम्पूर्णताको प्रतीक हो। यहाँको संस्कृति भन्नु नै अनेक जातजाति र धर्म मिलेर बनेको सांस्कृतिक परम्परा नै नेपाली संस्कृति हो। सांस्कृतिक र प्राकृतिक

* सहप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ।

दृष्टले नेपालको मूल्याङ्कन गर्ने हो ज्यादै सम्पन्न रहेको छ । नेपाली संस्कृति भन्नु नै अनेकतामा एकताको संस्कृति हो । यसमा सम्पूर्ण नेपालका बासिन्दाहरू समाहित भएका छन् । संस्कृतिले मानवलाई परिष्कृत र उच्च बनाउँछ । जुन देशको सभ्यता र संस्कृति उच्च रहेको छ त्यस देशको उन्नति उचो रहेको हुन्छ भन्ने कुरामा दुईमत छैन । तसर्थ बिना संस्कृति मानवको उन्नति र प्रगति सम्भव छैन । नेपाल बहुजातीय तथा बहुभाषिक मुलुक हो । यहाँ विभिन्न जातजातिका मानिसहरू परापूर्व कालदेखि नै बसोबास गर्दै आएका छन् । यहाँ बसोबास गर्ने जातजातिहरूका आआफ्नै धर्म, संस्कृति र संस्कार एवं लोकपरम्परा तथा लोकविश्वास जस्ता कुराहरू फरकफरक रूपमा प्रकट हुँदै आएका छन् । सबै जातिका परम्परागत संस्कृति र सभ्यतामा केही न केही साम्यता र वैषम्यता रहेको पाइन्छ । ती विभिन्न जातिका परम्परा र संस्कृतिमा समानता र भिन्नता पाइनु अस्वाभाविक होइन । विविध भाषाभाषी एवं विविध सांस्कृतिक परम्पराका कारणले संस्कृति र संस्कारमा विविधता देखिनु कुनै नौलो कुरा होइन । सोहीअनुरूप नेपाली संस्कृति र संस्कारमा पनि विविध रूपमा विकसित हुँदै आएको पाइन्छ । वस्तुतः बहुभाषिक र बहुसांस्कृतिक समाज र परम्पराका बिच अत्यन्त सौहार्दपूर्ण वातावरण र मेलमिलाप पाइनु नेपालको मौलिकता पहिचान हो । विश्वमा विभिन्न प्रकारका लोक परम्परा ज्यादै पुरानो समयदेखि प्रवाहित हुँदै आएको कुरा स्वीकार्य छ । लोक परम्परामा प्रचलनमा रहेका विभिन्न विधाहरूमध्ये लोकगीत पनि एक हो । ज्यादै श्रवणीय र आस्वाद्य रूपमा रहेको लोकगीतको आस्वादन गर्न नरुचाउने व्यक्ति कमै पाइन्छन् । आबाल वृद्ध वनिता सबैका लागि लोकगीत ग्राह्य हुन्छ । नेपाली लोकजीवनमा प्रचलित विभिन्न लोकगीतहरूमध्ये सँगिनी गीतमा केकस्तो संस्कृति पाइन्छ भन्ने मूल समस्यामा केन्द्रित यस लेखमा त्यस समस्याको समाधान गर्ने प्रयत्न गरिएको छ ।

## अध्ययनको विधि

लोसाहित्यका विधाहरूको अध्ययन गर्दा विभिन्न विधिहरू अवलम्बन गरी अध्ययन गर्ने परम्परा रहेको छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययन पद्धतिका साथै क्षेत्रीय अध्ययन पद्धतिबाट सङ्कलित सामग्रीलाई यहाँ राखेर अध्ययन गरिएको छ । यसका साथै आवश्यकताअनुसार लोसाहित्यका अध्ययन गर्ने अन्य पद्धतिहरू पनि अवलम्बन गरी अध्ययन गर्ने प्रयास गरिएको छ । सँगिनी गाइने मुख्य क्षेत्रबाट सङ्कलन गरिएका सँगिनीहरूका केही अंश ग्रहण गरी तिनीहरूमा केकस्ता सांस्कृतिक परम्परा पाइन्छन् भन्ने कुरा निरूपण गर्नुका साथै सँगिनीका उदाहणसमेत दिएर व्याख्या गरी सँगिनीमा केकस्तो सांस्कृतिक झलक पाइन्छ भन्ने कुरा प्रस्ट पारिएको छ ।

## संस्कृति र सँगिनी गीत

संस्कृति राष्ट्रको प्राण हो । संस्कृतिले मानव समुदायलाई परिचित गराउँछ र सबै जातजातिलाई एकताको सूत्रमा बाँध्ने काम गर्दछ । संस्कृति मानव समुदायमा भावनात्मक रूपमा पुरानो समयदेखि जरा गाडेर बसेको हुन्छ । संस्कृति कुनै पनि राष्ट्रको चिनारीको माध्यम बन्दछ । लोकजीवनमा जेजस्ता रीतिरिवाज, परम्परा चालचलन, संस्कार, आनीबानी विद्यमान रहन्छन् ती नै संस्कृतिका द्योतक हुन् । कुनै पनि समाजले संस्कृतिलाई मानव जीवनको पद्धतिका रूपमा स्वीकार गर्दछ । लोकसंस्कृति लोकजीवनको विशाल भण्डार हो । लोकसंस्कृतिमा लोकजीवनका लोकव्यवहार, लोकरीति, लोकधर्म, लोककला, लोकसङ्गीत, लोकनृत्य, लोकसिर्जना, लोकोपचार, लोककला, लोकका चालचलन, तन्त्रमन्त्र, आस्था, विश्वास, आँसु, हाँसो, रोदन, हर्ष, विस्मात, सुख, दुःख, जादु, टुनामुना आदि सम्पूर्ण पक्षलाई समेटिएको हुन्छ । कुनै समुदायमा चलिआएका परम्परागत जीविकोपार्जनका

साधनहरू प्रचलनमा रहेका हुन्छन्, ती पनि लोकसंस्कृतिका द्योतक हुन् । तिनीहरूका रचयिता या सर्जक अज्ञात हुन्छन् भने प्रत्येक समुदायका पुर्खाले यसलाई निर्माण गरेको हुन्छ । यसरी निर्माण गरिएको संस्कृति मूर्त अमूर्त दुई प्रकार छन् । प्रत्येक जातजातिमा पाइने सांस्कृतिक सम्पदाहरू राष्ट्रको सम्पत्तिका रूपमा स्थापित हुन्छन् । राष्ट्रका सम्पत्तिका रूपमा रहेका त्यस प्रकारका सांस्कृतिक परम्परामा आज आएर प्रहार हुन थालेको हुँदा यिनीहरूको संरक्षण गर्नु आजको आवश्यकता बन्न पुगेको छ । लोकसंस्कृतिको अभिन्न अङ्गका रूपमा रहेको लोसाहित्य संस्कृतिको एउटा महत्त्वपूर्ण पाटो हो ।

लोसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत लोकप्रिय प्रिय विधाका रूपमा परिचित छ । यो आवाल वृद्धवनिता सबैका लागि ग्राह्य हुन्छ । तसर्थ अन्य लोसाहित्यका विधाहरूमध्ये नेपाली जनजीवनमा लोकगीत ज्यादै आस्वाद्य बन्न पुगेको छ (बन्धु, २०५८, पृ. ११५) । लोकगीतको एक भेदका रूपमा रहेको सँगिनी नेपाली नारी समुदायले मात्र गाउँदै नाच्ने नारी गीत हो । विशेषतः नेपालको कोशी प्रस्रवण क्षेत्रमा बसोबास गर्ने ब्राह्मण-क्षत्री समुदायका साथै अन्य समुदायका नारीहरूले खहरेको भेल बगे झैँ यस गीतका माध्यमद्वारा आफ्ना सुख, दुःख, वेदना, उल्लास, हर्ष, बिस्मात आदिलाई उल्लासमय वातावरणका साथ आफ्ना भावनाहरू प्रस्तुत गरेको पाइन्छ (थापा र सुवेदी, २०४१, पृ. १०३) । सँगिनी नारीहरूप्रति गरिने सामाजिक र लैङ्गिक विभेदको अव्यिक्तिका रूपमा प्रस्तुत गर्दछन् (शर्मा र लुइटेल, २०६३, पृ. ८८) । बाह्रैमास गाउन सकिने र नारीसमुदायले मात्र गाउने गीत हो (पराजुली, २०५७, पृ. ३१७) । तसर्थ सँगिनी गीत प्रस्तुत गर्न कुनै पर्व विशेष कुरिरहनु नपर्ने तथा नारी समुदायले मात्र गाउने र उनीहरूका पीडा, वेदना र हर्षको अभिव्यक्ति गर्ने साधनका रूपमा सँगिनी गीत रूपमा प्रचलित छ ।

## सँगिनीमा संस्कृति

मानव जीवनमा संस्कृतिको गहिरो छाप परेको हुन्छ । जीवनको एउटा मुख्य पाटो संस्कृति पनि हो । संस्कृति र मानव जीवन समाजमा अविभाज्य जस्तै हुन्छन् । हरेक समाजमा आआफ्नै सांस्कृतिक परम्पराले जरो गाडेर बसेको हुन्छ । नेपाली समाजमा पुरानो समयदेखि नारी समुदायद्वारा गाइँदै र नाचिँदै आएको सँगिनी नेपाली संस्कृतिको ताज हो, सम्पत्ति हो, आस्था हो र विश्वास पनि हो । तसर्थ सँगिनी नारीहरूको मात्र नभएर सम्पूर्ण नेपाली समाजको पहिचान हो । यसले नेपाली नारीहरूका आर्थिक, राजनीतिक, सामाजिक, मानसिक, शैक्षिक, न्यायिक, सांस्कृतिक पक्षका साथै समाजका अन्य विविध पक्षलाई समेत परिचित गराउँछ । यसमा नारीहरूका जीवनभोगाइका क्रममा आइपर्ने दुःख, पीडा, कष्ट, हर्ष, बिस्मात आदिलाई कारुणिक रूपमा व्यक्त गरेको पाइन्छ । लोकजीवनको अभिन्न अङ्गका रूपमा रहेको सँगिनी गतिमा नेपाली संस्कृतिको छुट्टै महत्त्व रहेको छ ।

नेपाली समाज धर्मभीरु समाज हो । आफ्नी छोरी हुर्कँदै गएपछि योग्य वर खोज्ने र कन्यादान गरे पुण्य प्रप्त हुन्छ भन्ने मान्यता अहिले पनि विद्यमान छ । हाम्रो समाजमा योग्य वर भए मात्र आफ्नी छोरीचेली दिने परम्परा रहिआएको छ । सोही परम्पराअनुसार सीताको उमेर पुग्दै गएपछि जानकीका बुबा जनकले छोरी माग्न आएकाहरू बलशाली रावण र मर्यादा पुरुष रामको समेत परीक्षा लिएर आफ्नी छोरी दिने प्रस्ताव राख्दछन् । जसले सय मनको पीङ मच्चाउन सक्छ उसलाई मात्र मेरी छोरी दिन्छु भन्दा रावणले मच्चाउन खोज्दा मच्चाउन सक्दैन तर रामले सय मनको पिङ मच्चाउँदा आकासमा उडेर गएपछि जनक राजाले रामलाई छोरी दिन तत्पर हुन्छन् र सीता पनि रामलाई वरण गर्न तत्पर हुन्छन् भन्ने कुराले नेपाली परम्परामा वरको परीक्षा लिने र ऊ सफल भएमा मात्र छोरी दिने परम्परालाई सङ्केत गर्दछ :

जसले खेल्छ नि साइमनको पिङ
जसले खेल्छ नि साइमनको पिङ
उसैलाई दिन्छु नि जानुका चेली
भन्छन् है राजाले । (निरौला, २०७१, पृ. २३७)

जनक राजाले आफ्ना दरबारमा रहेको शिवका धनुमा जसले उचालेर ताँदो चढाउँछ, उसैलाई मेरी छोरी सीता दिन्छु भन्दा रावण आएर उचाल्न खोज्दा सक्दैन तर राम आएर धनुमा तादो चढाउन उचाल्न खोज्दा दुई टुक्रा भयो । त्यसपछि जनकले रामको पराक्रम देखेपछि आफ्नी छोरी सीतालाई दिने निधो गरेको प्रसङ्गले नेपाली संस्कृतिलाई उजागर गरेको छ :

वामु र हात नि उठाइ लिए
धनु त सहित है हेर
धनु त सहित ।
ताँदो है जल्दि नि चढाइ खैंचे
ताँदो है जल्दि नि चढाइ खैंचे
दुई टुकै भयो धनु त त्यै हो
दुई टुकै भयो धनु त त्यै हो
खुसी है भए सब । (निरौला, २०७१, पृ. २३९)

नेपाली परम्परामा आफूभन्दा ठुलालाई आदर गर्ने र सानालाई माया गर्ने परम्परा छ । यही परम्परालाई स्वीकार गर्दै आफूले मान्ने मानिससँग जाँदा केही न केही कोसेलीपात लिएर जाने चलन छ । यो नेपालीहरूको मर्यादा र संस्कृति हो । कृष्णले आफ्ना ममा कंसका घरमा आयोजना गरेको यज्ञमा जाँदा आफ्नी आमा यशोदालाई म अब निम्ता मान्न जान्छु । मलाई अब केही कोसेली ठिक परिदिनु भन्दै अनुरोध गरेका छन् । नेपालीहरूका गाउँघरमा जेजस्ता कुरा उपलब्ध छन्, ती वस्तुहरू लिएर जाने र सम्मान प्रकट गर्ने प्रचलन थियो । सोही परम्पराअनुसार आफ्नी आमा यशोदालाई कृष्णले कोलाको काइँयो र दहीको ठेकी भारमा झुन्ड्याइदिन अनुरोध गरेको कुरा सँगिनीमा यसरी प्रकट भएको छ :

कोलाको काँइँयो नि दहीको ठेकी
भारमा झुन्डयाइ देऊ है आमा,
भारमा झुन्ड्याइ देऊ
म जान्छु निम्तैमा । (निरौला, २०७१, पृ. १३०)

नेपालीहरूले आआफ्नो परम्पराअनुसार मातापिताको स्वर्गारोहण भएपछि पहिलो कर्तव्य आफ्नो संस्कारअनुसार नदीमा लाने र जलाउने या बगाउने कार्य गर्दछन् । आफ्ना छोरी चेलीहरूलाई टाढाटाढासम्म दिने र बाआमाको मृत्यु हुँदासमेत खबर गर्न नसक्ने अवस्था थियो । अहिलेको जस्तो सूचनाको साधन नभएको तत्कालीन अवस्थामा बाआमाको मृत्यु भएपछि एकोहोरो जोर शङ्ख बजाउने र सबैलाई सूचना दिने परम्परा थियो । सोहीअनुसार घरमा शङ्ख बजाउन लागाएको तर दिदीले सुन्नुपर्नेमा नसुनेको, बाआमाको मृत्यु भएपछि नदी लगेर चिता बनाई तीनपल्ट घुमाएर चितामा राखेको र बाआमाको अन्तिम बिदाई गर्दा पाउमा ढोगेर बिदा गरेको प्रसङ्गले नेपालीहरूको सांस्कृतिक परम्परालाई केकस्तो छ भन्ने प्रकट भएको छ ।

हामरे आमालाई नदी मै लगौँ
डुबाइ दें नदीमा ।
चिता है बनाइ तिनपल्ट घुमाइ

बुबाको पाउमा ढोगेँ है दिदी
आमाको पाउमा ढोगेँ है दिदी
ढोगी देँ पावैमा ।
सतीघाट पारी जोर शङ्ख बजे
सतीघाट पारी जोर शङ्ख बजे
सुन्यौन तिमीले ।
तिन फन्को घुमाइ दिए है दिदी
राखि दे चितामा । (निरौला, २०७१, पृ. ३१४)

नेपाली समाजमा आफ्ना घरमा सन्तानको जन्म भयो भने ज्योतिषीलाई हेराउने र बालकका ग्रहदसा हेराउने चलन छ । उसका केकस्ता दसा छन् र उसको शान्तिस्वस्ति गर्नुपर्छ कि भनेर हेराउने र उसलाई राम्रो हेरेबापत नगद रकमका साथै राजाहरूले उपहारस्वरूप राज्य नै दिने प्रचलन थियो । यसरी जन्मिएकी चेलीका राम्रा ग्रहदसा छैनन्, यिनले एक मूल मात्र होइन सात मूलको ग्रह भेटिकी छन् त्यसैले राज्यनाश हुने हुँदा आधा राज्य नै भए पनि दिन्छु भनेर राजाले कबोल गर्दछ र सुनको सन्दुक बनाएर त्यसमा राखी नबगाएसम्म राज्यमा शान्ति हुँदैन भन्ने कुराले नेपाली परम्परामा ज्योतिषी देखाएर आफ्ना कामलाई कसरी निर्धारणसमेत गर्दछन् भन्ने कुरा व्यक्त भएको छ :

राम्रोमा राम्रो हेरि देऊ है जैसी
राम्रो छ भनी देउन जैसी
आधिराज्जे तिमीलाई ।
धुलौटो कोरेँ नि बेल पात्रो हेरेँ
सातै र मूल भेटिन् है चेलीले
बगाइ देऊ नदीमा । (निरौला, २०७१, पृ. २९५)

समाजमा केही समय अगाडिसम्म बालविवाह, अनमेल विवाह गर्ने प्रचलन थियो । यसै परम्पराका कारण सानै उमेरमा विवाह गरिदिएर माइतीघरमा रहेकी आफ्नी विवाहिता पत्नीलाई लिन जान्छ तर त्यो समयमा शुक्र ग्रहसामु पर्दछन् र यो जोडी वर्ष अर्थात् विवाह गरेको दुई र चार वर्षमा छोरी नपठाउने परम्परा थियो । उता केटातिरबाट पत्र लेखेर पठाएको र त्यो वचन काट्न पनि नसक्ने हुँदा पठाउनु नै पर्ने हुन्छ । यस्तो अवस्थामा छोरी पठाउनु हुँदैन र पठाएमा उसलाई भूतले खान्छ र उसको अवश्य नै नाश हुन्छ भन्ने धारणा यसरी व्यक्त गरिएको छ :

ऐलेका वर्ष नि यो सामुशुक्र
मैँतालु लिनलाई हेर्नू है बजू
मैँतालु लिनलाई ।
यो सामु शुक्र नि यो जोला वर्ष
भूतैले खाइ जान्छ हेर है जुवाइँ
पठाउनै हुँदैन । (निरौला, २०७१, पृ. १९२)

हाम्रो समाजमा दाजु र भाइका बिचमा अत्यन्त सुमधुर सम्बन्ध रहन्छ तर कहिलेकाहीँ त्यसमा तीतोपन पनि आउँछ । दाजुले आफ्ना भाइलाई फकाएर जङ्गलमा सिकार खेल्न जाऊँ भनी भाइलाई लगेर वाणले हिर्काई मारिदिन्छ । भाइले प्राण त्याग गर्न लागेका अवस्थामा दाजु अब म मर्ने भएँ त्यसैले मेरा लासलाई दाउरा खोज्न जाने ठाउँमा र पानी भर्न आउने पँधेराका छेउमा पनि नफ्याँकिदिनू भनी आग्रह गर्दछ । दाजुले पनि भाइले भनेअनुसार नै अग्लो ठाउँ देउरालीमा त्यो

लासलाई राखिदिएका कुराले चोखा ठाउँमा लासलाई गाड्ने या जलाउने र देउरालीको पूजा गर्ने परम्पराको सङ्केत गरिएको छ :

दाउरा र वनमा नि नफ्याँक्नू दाजु
दाउरेनी डराउँछन् नि है नि हेर
म एसै सती जाऊँ ।
पँधेरा निर नि नफ्याँक्नू दाजु
पाधेर्नी डराउँछन् नि है निहै हेर
सुन सुन नारायन ।
बाटा र माथि राख्नू है दाजु
देउराली पुज्छन् नि है नि हेर
देउराली पुज्दछन् । (निरौला, २०७१, पृ. २१०)

## निष्कर्ष

सँगिनी नेपाली संस्कृतिको अभिन्न अङ्ग हो । यसले नेपाली नारीका कथाव्यथालाई प्रकट गरे पनि यसले नेपाली संस्कृतिलाई चिनाउने काम गरेको छ । नेपली समाजमा प्रचलित सँगिनी मूलतः नारीहरूका समस्यालाई आफ्नै परम्परामा प्रस्तुत गरिने लोकगीतको लयगत भेद हो भने नेपाली संस्कृति नेपालको सम्पूर्णताको प्रतीक हो । विभिन्न जातजातिको बसोवास गर्ने नेपालीहरूका धर्म मिलेर बनेको सांस्कृतिक परम्परा नै नेपाली संस्कृति हो । नेपाल सांस्कृतिक दृष्टिले सम्पन्न रहेको कुरा यहाँ प्रचलित संसकृतिले स्वतः पुष्टि गर्दछन् । नेपाली संस्कृति भन्नु नै अनेकतामा रहेको एकताको संस्कृति हो । यही संस्कृतिको एक भेदका रूपमा रहेका लोकसाहित्यको एक भेदका रूपमा रहेको सँगिनी लोकगीतको लयगत भेद हो । यस गीतमा नारीहरूले आफ्ना भावना व्यक्त गर्ने क्रममा खहरेको भेल झैं भावनाहरू व्यक्त गर्दछन् । यसरी व्यक्त गरिएका सँगिनीमा नेपाली संस्कृतिको छाप प्रशस्त मात्रामा रहेको छ । सँगिनीका गायिकाहरू विवाहका अवसरमा विवाह गर्नुपूर्व वरको परीक्षा लिने परम्परा होस् या आफूले मान्य व्यक्तिका घरमा भेट्न जाँदा केही लिएर जाने परम्परा रहेको छ । आफू विवाह गरेर टाढाटाढा खबर नपाएर बाआमाका मृत्यु संस्कार भएको कुरको होस् या ज्योतिषीले ग्रहदशा हेर्दा मूल भेटेकी भनेपछि उसलाई खोलामा बगाइदिने जस्ता संस्कारको अभिव्यक्ति प्रस्तुत भएको छ । विवाह गरिसकेपछि आजभोलि जस्तो तुरुन्त छोरीचेली घर पठाउने प्रचलन थिएन । यसरी घर पठाउँदा जोडा वार्ष र शुक्रसामु भएका बेला पठाइँदैन या कसैको मृत्यु भए उसको लासलाई बाटोमुनि होइन बाटामाथि राखिदिनु भनेका जस्ता प्रसङ्गले नेपाली सांस्कृतिक परम्परालाई प्रकट गरेको छ । समाजमा आफू घरबाट बाहिर निस्कनु छ भने या कहीँ जानुभन्दा केही नराम्रो सङ्केतहरू देखा पर्ने कुराले नेपाली परम्परालाई सङ्केत गर्दछ । तसर्थ सँगिनी नेपाली सांस्कृतिक परम्पराको एक महत्त्वपूर्ण पहिचानको आधार हो ।

## सन्दर्भ सामग्रीसूची


थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१). *नेपाली लोसाहित्यको विवेचना.* काठमाडौँ : त्रि.वि., पाठ्यक्रम विकास केन्द्र ।

निरौला, कुलराज (२०७१). *सँगिनी लोकगाथाको सन्दर्भपरक अध्ययन.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पराजुली, कृष्णप्रसाद (२०६४). *नेपाली लोकगीतको आलोक* (दोस्रो संस्क.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोसाहित्य.* काठमाडौँ : एकता बुक्स ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *लोकवार्ता विज्ञान र लोसाहित्य.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।